# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७६/१०/२३ गते

## भाग-२

# शुक्लाफाँटा नगरपालिका
# सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण कार्यविधि, २०७६

## प्रस्तावना

यस शुक्लाफाँटा नगरपालिका लाई सुविधा सम्पन्न जनजीवन सहज बनाउन र दुर्घटना मुक्त शहर निर्माण गर्न प्रत्येक सडकको चौडाई मापदण्ड तोकी लागु गर्न, सम्पुर्ण सडकहरुलाई विस्तार पश्चात पर्यावरणिय वातावरण निर्माण गर्ने तथा नक्सा, सुचनापाटी र होडिङ्गवोर्ड स्थापना गर्न, शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड अधिकार क्षेत्र

निर्धारण कार्यविधि जग्गा नापजाँच ऐन २०१९, जग्गा नापजाँच नियमावली, २०५८ स्थानिय सरकार सञ्चालन ऐन, २०७४, भवन निर्माण आचार संहिता २०६०, भवन ऐन २०५५, भवन नियमावली, २०६५, भु—उपयोग नीति २०७२, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधाभुत मार्गदर्शन, २०७२ र यस शुक्लाफाँटा नगरपालिकाले तयार पारेको सडक मापदण्ड निर्धारण पुस्तिका MTMP लाई आधार मानि यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम “शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड निर्धारण कार्यविधि २०७६” रहेको छ ।

ख) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद -२
## परिभाषा

२. क) "**शुक्लाफाँटा नगरपालिका**" भन्नाले यस नगरपालिकाका नक्साङ्कन भएको १२ वटै वडाहरुको सम्पुर्ण भुगोललाई बुझाउने छ ।

ख) “**समिति**” भन्नाले शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण समितिलाई जनाउने छ ।

ग) "**नाप जाँच तथा सिमाङ्कन**" भन्नाले नगरभित्र पर्ने जुनसुकै भुगोल तथा क्षेत्रमा नगर कार्यपालिकाको कार्यालयले नगर भवन तथा बस्ती विकास शाखा द्धारा नापजाँच गराईने जग्गा, घरवास, सरकारी, सार्वजनिक लगायत सम्पुर्ण जग्गाको सिमाङ्कन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

घ) "**साँध**" भन्नाले दुई भिन्न भिन्नै टुक्रा जग्गाको विचको सिमाना तथा व्यक्तिगत कित्ता र सडकहरुको सार्वजनिक कित्ता विचको साधँलाई सम्झनु पर्छ ।

ङ) "**कित्ता**" भन्नाले चारैतिर साँधले घेरीएको र प्रत्येक स्थानमा हक भोग र किसिममा समानता भएको जमिनको टुक्रालाई सम्झनु पर्छ ।

च) "**जग्गा वाला**" भन्नाले जग्गा नापजाँच ऐन २०१९ ले तोकेको सम्पुर्ण जग्गाको जग्गाधनिलाई सम्झनु पर्छ ।

छ) "**सार्वजनिक जग्गा**" भन्नाले जग्गा नापजाँच ऐन, २०१९ र मालपोत ऐन, २०३४ ले तोकेको सम्पुर्ण सरकारी र सार्वजनिक जग्गालाई सम्झनु पर्दछ ।

ज) "**सडक**" भन्नाले गोरेटो र घोरेटो बाहेको कच्ची मोटर वाटो, ग्रावेल मोटर बाटो र पक्की कालोपत्रे मोटर बाटोलाई सम्झनु पर्छ ।

झ) **"गोरेटो, घोरेटो बाटो"** भन्नाले पैदल यात्री तथा दुई पाङ्ग्रे साधन, मानिस तथा ऐक चोटी एक मात्र चौपाया पशुलाई आवत जावत गर्न मिल्ने बाटो अर्थात २(ज) बाहेकको बाटोलाई सम्झनु पर्दछ ।

ञ) “**सडक रेखा**” भन्नाले सडकको तोकिएको वा नक्सामा कायम गराएको चौडाईको विच रेखालाई सम्झनु पर्दछ ।

ट) “**सडक किनारा**” भन्नाले नक्सामा रहेको अर्थात नगरपालिकाले फिल्डमा नगरपालिकाको कुनै मापदण्ड, कार्यविधि कुनै निर्णय तथा नगर कार्यपालिका, नगर सभाले कुन सडक कति चौडा हुने भनि निर्णय गरी फिल्डमा विस्तार गरेको सडकको चौडाईलाई सम्झनु पर्दछ ।

ठ) “**बाटोको रेखा**” भन्नाले पैदल बाटोको दुवै साईडको सिमा रेखालई सम्झनु पर्छ ।

ड) “**बाटोको उचाई वा ग्रेड**” भन्नाले यस कार्य विधिले तोकेको सम्पुर्ण सडकको बस्ती सतह देखि बाटो उठाईएको उचाईलाई सम्झनु पर्दछ ।

ढ) “**बाटोको गहिराई**” भन्नाले खेती गर्ने जग्गाको जमिनको सतह देखि मुनि कज वैई, टनेल ,ह्युम्पाईप, कल्भर्ट, पुल निर्माण गर्दा यस

कार्यविधिले तोकेका सम्पुर्ण सडकहरुको गहिराइलाई सम्झनु पर्दछ ।

ण) “**कज वेई**” भन्नाले खोला, नाला, तथा साना ठुला नदिहरुको पानी बग्ने सतह माथी सवारी साधन आवत जावत गर्न निर्माण गरेको आर.सि.सि.स्ल्याप, पक्की संरचनाको माथिबाट पानी बग्ने र पानीमै हिडडुल तथा सवारी साधन चलाउन मिल्ने गरी दुवै तर्फबाट स्लोप गरी बनाईएको संरचनालाई सम्झनु पर्दछ ।

त) “**सम्पुर्ण सडकहरु**” भन्नाले नक्सामा कायम रहेका तथा नक्सामा नभइ फिल्डमा निर्माण भएका, यस नगरपालिका भित्र पर्ने र नगरका योजनाहरुवाट ग्रावेल हालेका, रोलर लगाएका, नगरले सिंमाङ्कन गरेका सडकहरु, ऐलानी जग्गामा खोलेका सडकहरु, नहरका किनारहरु, टर्सरी कुलोहरुका किनारमा निर्माण गरेका सडक, सामुदायिक वनको वरीपरी खोलेका सडकहरु तथा आफ्नो व्यक्तिगत जग्गामा नगरपालिकाको मापदण्ड पुगाई व्यक्तिगत तथा नगरपालिकाको लगानीमा ग्रावेल, कालोपत्रे गरेका सम्पुर्ण सडकहरुलाई सम्झनु पर्दछ ।

थ) “**सडक मापदण्ड**” भन्नाले नगरपालिकाको MTMP पुस्तीका, सर्वदलिय संयन्त्रको निर्णय तथा अन्य नगर सभाले गरेका निर्णयहरुको आधारमा नगरपालिकाको सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण समितिले तोकेका सम्पूर्ण सडकहरुको मापदण्डलाई सम्झनु पर्दछ ।

द) "**सडकको बाहिरी रेखा**" भन्नाले सबै सडकहरुको किनारका सिमाहरुलाई अर्थात सडक बाहेकको सडक संग जोडिएको कित्ताको साँध रेखालाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

## सडक मापदण्ड

**३. नगर भित्र हुने सडकहरुको मापदण्ड तथा सामान्य नियमहरुः-**

क) **राष्ट्रिय सडकहरुः** राष्ट्रिय सडक भन्नाले नेपाल सरकार र प्रदेश सरकारको मातहतका पुर्व—पश्चिम राजमार्ग र कलुवापुर-बेलौरी सडकलाई सम्झनु पर्दछ ।

अ) **५० मिटर चौडा सडकहरुः** शुक्लाफाँटा नगरपालिकाका शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको स्याली नदी देखि बनरा नदीसम्मको पुर्व पश्चिम राजमार्गको चौडाई नक्साबमोजिम ५० मिटर रहने छ तर उक्त राजमार्गमा जोडिएका कित्ताहरुमा घर भवन निमार्ण गर्दा उक्त चौडाई अर्थात

सडकको बाहिरी रेखा पश्चात आफ्नो जग्गामा ६ मिटर अनिवार्य छोड्नु पर्ने छ ।

आ) **"वेलौरी राजमार्ग":** ३० देखि ३८ मिटर चौडा सडकहरु अन्तर्गत कलुवापुर बजार क्षेत्र देखि कालागौडी पुल अर्थात शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सम्मको सडकलाई बुझाउने छ । जसको चौडाई नक्सामा कायम रहे अनुसार बजार क्षेत्रहरुमा ३८ मिटर चौडा र अन्य क्षेत्रहरुमा ३० मिटर चौडा हुने छन् यो सडकमा कसैले पक्की संरचना, घर तथा भवनहरु निर्माण गरेमा उक्त सडकको चौडाई पश्चात आफ्ना कित्ताहरुको जग्गा ६ मिटर अनिवार्य छोडी घर, पसल, तथा भवनहरु निमार्ण गर्नु पर्ने छ ।

ख) **नगर सडकहरुः** नगर सडक भन्नाले नगरपालिकाको आफ्नो सिमाना भित्र पर्ने र संरक्षण निर्माण तथा विस्तारको जिम्मा नगरले पाएका नगरका सम्पुर्ण सडकहरुलाई सम्झनु पर्छ । जसमा निम्न सडकहरु तोकिएको छ ।

१) क श्रेणीको सडकहरुको चौडाई १६ मिटर कायम गरिने छ ।

२) ख श्रेणीको सडकहरुको चौडाई १२ मिटर कायम गरिने छ ।

३) ग श्रेणीको सडकहरुको चौडाई १० मिटर कायम गरिने छ ।

४) घ श्रेणीको सडकहरुको चौडाई ८ मिटर कायम गरिने छ ।

५) ङ श्रेणीको सडकहरुको चौडाई ६ मिटर कायम गरिने छ ।

**४. थप मापदण्ड सम्बन्धी व्यवस्था**

(क) यस सडक अधिकार क्षेत्र निर्धाण कार्यविधि २०७६ को दफा ३ को उपदफा (क) र (ख) मा जुनसुकै कुरा भनिएतापनि उपदफा (क) को सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारले सडक विस्तार गर्ने निर्णय गरि कार्य गरेमा सोहि अनुसार थप विस्तार गरिने अर्थात सोहि निर्णय लागु हुनेछ तर दफा ३ को उपदफा (ख) को सम्बन्धमा १ देखि ५ सम्मका प्रत्येक सडकहरुले पाएको चौडाई भित्रै पक्की ढल निकास समेत निर्माण गरिने छ भने उक्त सडकहरुसँग जोडीएका, हाटबजार लाग्ने ठाउँ, बजार स्थापना भएका ठाउँ, मेला, जात्रा लाग्ने ठाउँ, मठमन्दिर, पाटि पौवा, चर्च, गुम्बा, मस्जीत, चिहानघाट, मसानघाट सँग जोडिएको भए २ मिटर सम्म थप गर्न सकिने छ । साथै माथि उल्लेखित सबै सडकहरुको चोक हुने ठाँउ चौराहा, मोडहरुमा २ मिटर सम्म थप विस्तार गर्न सकिनेछ ।

ख) नगर सडक भन्नाले नगरपालिकाको आफ्नो सिमानाभित्र पर्ने र संरक्षण निर्माण तथा विस्तारको जिम्मा नगरले पाएका नगरका सम्पुर्ण सडकहरुलाई सम्झनु पर्छ । जसमा निम्न सडकहरु तोकिएको छ ।

(१) क श्रेणीको सडकहरुको चौडाई १६ मिटर कायम गरिने छ ।

(२) ख श्रेणीको सडकहरुको चौडाई १२ मिटर कायम गरिने छ ।

(३) ग श्रेणीको सडकहरुको चौडाई १० मिटर कायम गरिने छ ।

(४) घ श्रेणीको सडकहरुको चौडाई ८ मिटर कायम गरिने छ ।

(५) ङ श्रेणीको सडकहरुको चौडाई ६ मिटर कायम गरिने छ ।

५. यस सडक अधिकार क्षेत्र निर्धाण कार्यविधि २०७६ को ३ (क) र (ख) मा जुनसुकै कुरा भनिएतापनि उद्योग जन्य भवनहरु निर्माण गर्दा राष्ट्रिय भवन निर्माण आचारसंहिताले तोकेको व्यबस्था तथा दफा ४ (ख) ले तोकेको सडकहरुको सम्बन्धमा सडकहरुवाट न्यूनतम १० मिटर आफ्नो जग्गा छोडि, भवनको दायाँ र बायाँ तर्फ २ /२ मिटर जग्गा तथा पछाडि तर्फ ४ मिटर आफ्नो जग्गा छोडी नर्माण कार्य आगाडी बढाउनु पर्छ।

६. (क) यस कार्यविधिको ४ (क), ४ (ख) र ५ ले तोकेको सडकमापदण्ड निर्धारण तालिका नमुनाः

| क्र. सं | सडकको नाम | वडा नं स्थान | सडकको श्रेणी | सडकको चौडाई | छ लेनले तोके अनुसार बढाउनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगर चक्रपथ सडक | १ देखि १२ वडा सम्म | ३ (ख) १ | १६ मि. | १/२ मि. | |
| | | | | | | |

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भए पश्चात उक्त कार्यविधिको ६ (क) बमोजिमको ढाँचामा रहि सम्पुर्ण सडकहरुको लगत तयार गरि कार्य गरिनेछ ।

ग) भवन नियमन गर्दा उक्त कार्यविधिले तोकेका सडकहरुको चौडाईलाई आधार मानि कार्य गर्ने स्वीकृती दिईनेछ ।

घ) नेपाल सरकारले तयार गरेको कित्ता नापीको नक्सामा छुटेका तर परापुर्व कालदेखि नै चलन चल्तीमा आएका सडक, गोरेटो बाटो, घोरेटो बाटोलाई ऐलानि जग्गामा हाल प्रचलनमा ल्याई प्रयोग भएका सडकहरुलाई तथा व्यक्तिगत जमिनमा रहेका सडकहरुलाई समेत मापदण्ड अनुसार चौडा बनाए नगरबाट

योजना हाल्न स्वीकृती प्रदान गरिने तथा नगर सडक सञ्जाल भित्र उक्त सडक र गोरेटो, घोरेटोहरुलाई समेत समेटिनेछ ।

ङ) यस कार्यविधिको ६ (घ) मा जुनसुकै कुरा लेखिको भएतापनि नगरपालिका भित्रको खेतीयोग्य जमिन मास्ने मानसिकताले खोलिएका सडकहरुलाई बन्द गरी निरुत्साहित गरिने छ ।

च) यस नगरपालिका भित्र नगरपालिकाले तोकेको स्थान तथा भु—उपयोग नितिले तोकेको स्थानबाहेक अन्य स्थानमा भु—माफियाहरुको सहयोगमा खेतीयोग्य जमिन प्लटिङ गरि अव्यवस्थित वसोबास तथा जग्गा विक्रि प्रयोजनले जथाभावि सडक निर्माण गरेमा त्यस्तो कार्यलाई नगरपालिकाले निरुत्साहित गर्ने र त्यस्ता कार्य रोक्न कडाईकासाथ अगाडी बढाईनेछ ।

**७. जग्गा प्लटिङ सम्बन्धि ब्यबस्थाः**

क) शुक्लाफाँटा नगरपालिका भित्र गरिने जग्गाहरुको प्लटिङ कार्य शुक्लाफाँटा नगरपालिकाको सिफारिस तथा सडक मापदण्ड निर्धारण समितिको सिफारिसमा कार्यपालिकाले गरेको निर्णय अनुसार मात्र हुने र त्यसका लागि सम्बन्धित सरोकारवाला कार्यालयहरु, जिल्ला नापी कार्यालय, मालपोत कार्यालयलाई यस

सम्बन्धि कार्यहरु शुक्लाफाँटा नगरपालिकाको अनुमति बेगर नगर्नहुन पत्राचार गरिनेछ ।

ख) व्यक्तिगत जग्गा प्लटिङ गर्दा एक व्यक्तिको मात्र भोग अधिकार भएमा जग्गाको भौतिक पूर्वाधार जस्तै सडक, ढल स्पस्ट देखिने प्रस्तावित ड्राईड डिजाईन तथा नगरपालिकाको सडक मापदण्ड निर्धारण कार्यांविधिमा रहि निवेदकले निवेदन पेस गरेपछि नगरपालिकाबाट ड्रोईड तथा डिजाईन स्वीकृत गरी जग्गको भौतिक पूर्वाधारहरु निर्माण गर्ने अनुमति दिने उक्त पूर्वाधारहरु मापदण्ड अनुसार भए नभएको नगरपालिकाको भवन तथ वस्ति विकाश शाखाको प्रविधिक टोलि बाट प्रतिवेदन प्राप्त भएपछि मात्र राजश्व लिई जिल्ला नापी कार्यालय र मालपोत कार्यालयमा कित्ताकाट गर्न स्वीकृतको लागि सिफारिस दिईनेछ ।

ग) एक भन्दा बढि व्यक्तिहरुको जग्गा प्लटिङ गर्दा उपभोक्ता समिति निर्माण गरी जग्गाको भौतिक पूर्वाधारहरु जस्ता सडक तथा ढल सहिते स्पष्ट देखिने ड्रोईड तथा डिजाईन स्वीकृत गरी जग्गाको भौतिक पूर्वाधार निर्माण गर्न अनुमति दिईनेछ र उक्त पूर्वाधारहरु मापदण्ड अनुसार भए नभएको नगरपालिकाको प्राविधिक टोलिबाट प्रतिवेदन प्राप्त भईसकेपछि मात्र राजश्व लीई

जिल्ला नापी कार्यालय र मालपोत कार्यालयमा कित्ताकाट गर्न स्वीकृतिका लागि सिफारिस गरिनेछ ।

घ) यस सडक मापदण्ड निर्धारण कार्यविधिको ७ (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्लटिङ सम्बन्धि कार्य गर्न नेपाल सरकार नापी विभागको प्राविधिक संर्कुलर तथा राजपत्रमा प्रकाशित हुने र नगरपालिकाहरुलाई गरिएका परिपत्र अनुसार अगाडी बढाइने छ भने कार्यविधिमा प्लटिङ सम्बन्धि जुनसुकै कुरा लेखिएता पनि नापी विभागले प्लटिङ कार्य खोले पश्चात परिपत्र अनुसार मात्र लागु गराईने छ ।

ङ) नयाँ बन्ने बाटोहरु तथा दफा ६(क) को ढाँचामा सडक तथा बाटाहरुमा सवारी साधन प्रवेश गर्न कम्तिमा जियोमेट्रिक आवश्यकता पुरा हुने गरि निर्माण गराइनेछ । र दुर्घटना नहुने गरि सडकहरुको कर्भ सेटिङ अनिवार्य गराउनु पर्नेछ ।

## ८. सडकबाट घर, टहरा, खोका छाप्रा सम्मको दुरी

यस कार्यविधिको दफा ६ (क) को ढाँचामा समावेश हुने सडकहरुको अधिकार क्षेत्र किनारबाट न्युनतम ३/४ मिटर टाढा पक्की संरचना निर्माण गर्नु पर्नेछ भने खोका छाप्रा र कच्ची संरचनाहरुको हकमा सडक किनाराबाट २ मिटर टाढा अनिवार्य हुनुपर्नेछ तर औद्योगिक भवन तथा व्यवसायिक भवनहरुको हकमा सडक अधिकार क्षेत्रबाट अगाडी तर्फबाट १० मिटर,

दायाँवायाँ २/२ मिटर र पछाडी तर्फ ४ मिटर हुनेगरी न्यूनतम मापदण्ड पालना गराईनेछ।साथै त्यस्ता व्यवसयिक भवनहरुले पार्कीङको व्यवस्था समेत गराउनु पर्नेछ।

क) यस कार्यविधिको दफा ६ (क) को ढाँचामा समावेश हुने सडकहरुको अधिकार क्षेत्रभित्र विजुली पोल, टेलिफोन पोल, गाईगोरु बाध्न, दाउरा , वालुवा, गिट्टी, ईटा तथा बेचविखनको लागि राखेका पसलका सामाग्रीहरु सडक अधिकार क्षेत्र भित्र राखेमा पहिलो पटकको लागि रु ५००० ।– सम्म सम्बन्धित सरोकारवाला संस्था तथा व्यक्तिलाई जरिमाना गरिने छ ।

ख) यस कार्यविधिको दफा ८ (क) मा उल्लेखित कुरा नमानि पहिलो जरिवानाबाट पनि टेर अटेर गरेमा दोस्रो पटकका लागि रु १०००० ।– जारिवाना र सम्पुर्ण सामानहरु जफथ गरी नियमानुसार अन्य कारबाहि गराईने छ ।

ग) यस कार्यविधि अनुसार काम गर्न फिल्डमा खटिएको डोर लाई अर्थात कुनै फरक समयमा कामको सिलसिलामा फिल्ड खटिएका कर्मचारीलाई कसैले गालि गलौज, कुटपिट सामग्री तोडफोड, सामग्री जफत गर्ने कार्य तथा सवारी साधनमा क्षेती पुगाएमा त्यस्ता व्यक्ति तथा समुहलाई साधनहरु काम नलाग्ने गरि तोडफोड गरेको भए नयाँ खरिद गराई माग्ने, आङ्गिसक क्षेती भए मर्मत गराई माग्ने र त्यस्तो कार्य गरेवापत रु १०००० ।–

देखि रु ५०००० ।— सम्म थप जरिवाना गराउन सकिने छ । र नियमानुसार थप कानुनी कारबाहि समेत गराईने छ ।

घ) संघ र प्रदेशको कानुन बमोजिम हुनेः यस कार्यविधिमा जुनसुकै कुराहरु लेखिएको भएतापनि सडक मापदण्ड सम्बन्धि कार्य संघ र प्रदेशको कानूनमा तथा कार्यविधिहरुमा उल्लेख भएका सडकहरुको मापदण्ड तथा कानुनहरु र सजायहरु सोहि कानुन बमोजिम लागु गरिने छ ।

## ९. शुक्लाफाँटा नगपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण पुस्तिकाः

क) यस कार्यविधिको दफा ३ (ख) बमोजिम मापदण्ड तोकिएका शुक्लाफाँटा नगरपालिका भित्र पर्ने सम्पुर्ण सडकको चौडाई यकिन गरी सडकको नाम सहितको शुक्लाफाँटा नगरपालिका नगर सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण पुस्तिका निर्माण गरि लागु गरिनेछ ।

ख) ९ (क) मा उल्लेख भएको व्यवस्था बमोजिमको पुस्तिका निर्माण गर्न नगर सभाबाट निर्माण भएको ५ सदस्य सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिले नगरपालिकाको भवन तथा वस्ती विकास शाखाको नाप नक्सा शाखाका प्राविधिक कर्मचारीहरु, पूर्वाधार विकास महाशाखा ईन्जिनियरिङ सेवाका

कर्मचारीहरु तथा GIS प्रविधिको सहयोगमा नक्सा सहितको उक्त पुस्तिका तयार गरि लागु गरिनेछ ।

१०. शुक्लाफाँटा नगरपालिकाको सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समिति देहाय बमोजिम रहनेछ ।

क) शुक्लाफाँटा नगरपालिका भित्र रहेका सम्पुर्ण मापदण्डका नगर सडकहरुको मापदण्ड तोक्न, अतिक्रमण हटाउन तथा सिमांकन कार्यमा सहजता ल्याउन दर्ता तथा ऐलानि, प्रतिमा रहेका सडकहरुको मापदण्ड तोक्न नगर सभाले निर्माण गरेको देहाय बमोजिमको एक अधिकार सम्पन्न समिति रहने छ, जुन देहाय बमोजिम रहेको छ ।

१) नगर सभा सदस्यहरु मध्ये १ जना — संयोजक

२) नगर सभा सदस्यहरु मध्ये १ जना — सदस्य

३) नगर सभा सदस्यहरु मध्ये १ जना — सदस्य

४) नगर सभा सदस्यहरु मध्ये १ जना — सदस्य

५) नगर सभा सदस्यहरु मध्ये १ जना — महिला सदस्य

६) भवन तथा वस्ती विकास शाखा जग्गा नाँपजाँच गर्ने कर्मचारीहरु मध्ये १ जना —सदस्य सचिव(अमिन)

ख) उक्त समितिमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत र पूर्वाधार विका महाशाखाका प्राविधिक कर्मचारीहरुलाई आमन्त्रित गर्न सकिनेछ।

११. दफा १० को (क) बमोजिम गठित शुक्लाफाँटा नगरपालिका नगर सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिको काम कर्तव्य र अधिकारः

क) शुक्लाफाँटा नगरपालिका भित्र पर्ने संघ, प्रदेश, जिल्ला तथा नगर सडकहरुको संरक्षण तथा ती सडकहरुमा आउने विवादहरुको निरोपण गराउने ।

ख) शुक्लाफाँटा नगरपालिका भित्र रहेका सम्पुर्ण नगर सडकहरुको अभिलेख तयार गरि शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड निर्धारण पुस्तिका तयार गर्ने ।

ग) दफा ४ को (ख) अन्तर्गतका सडकहरुको मापदण्ड यकिन गराउने ।

घ) दफा ४ को (क) को उपदफा (अ), (आ) भित्रका राष्ट्रिय सडकहरुसँग जोडिएका कित्ताहरुमा तथा नगर सडकहरुमा जोडिएका कित्ताहरुमा घर, पसल तथा, औद्योगिक भवन खोका, छाप्राहरु निर्माण गर्दा भवन निर्माण अचार संहिता तथा यस

कार्यविधिको दफा ८ बमोजिम कार्य गर्न कार्यान्वयन गराइनेछ ।

## परिच्छेद- ४
## अनुगमन तथा मूल्याङ्कन

१२. बैठक, अनुगमन तथा स्थलगत मूल्याङ्कन सम्बन्धि सुविधाः

शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिका पदाधिकारी, नापनक्सा शाखाका कर्मचारी, सूचना प्रबिधि(GIS) विज्ञ तथा अन्य कर्मचारीहरु माथि उल्लेखित काममा खटिएको बेला देहाय बमोजिम सुविधा प्राप्त गर्नेछन ।

क) शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिको नगर भित्रका सडकहरुको मापदण्ड तोक्न तथा चेक जाँच गर्न फिल्डमा खटिएको दिनमा समितिको पदाधिकारी तथा सरोकारवाला कर्मचारीहरुले प्रतिदिन रु १०००/- का दरले फिल्ड अनुगमन सुविधा पाउने छन् र प्रत्येक अनुगमनको प्रतिवेदन कार्यालय समक्ष पेश गराईने छ ।

ख) शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड अधिकार क्षेत्र निर्धारण समितिको बैठक बसेको दिनको बैठक भत्ता प्रती

महीना ३ पटक भन्दा नबढ्ने गरी रु १५००/- का दरले उपलब्ध गराईनेछ र साथै बैठक बसेको दिनमा चिया नास्ता तथा पानिको खर्चको लागि योजनामा बिनियोजन भएको भए सम्बन्धित शिर्षकबाट मात्र भुक्तानी उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

ग) उक्त समितिको काममा नगरभित्र वा जिल्लाका सरोकार वाला सम्बन्धित कार्यालयहरुमा खटिएको समयमा पदाधिकारी तथा कर्मचारीहरुलाई योजनामा तोकेको रकमबाट भ्रमण तथा यातायत खर्च उपलब्ध गराईनेछ ।

**आज्ञाले,**

**विशनसिंह थापा**

**प्रमुख प्रशासकीय अधिकृत**